नेपाल सरकार, कम्पनी रजिस्ट्रारको कार्यालयबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा कम्पनी वा ट्रस्ट सेवा प्रदायकहरुलाई जारी गरिएको निर्देशन, २०७६ जारी गरेको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयको सूचना

सम्पत्ति शुध्दीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीहरुको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।०७।२५ को निर्णयले कम्पनी रजिष्ट्रारको कार्यालयलाई नियमनकारी निकाय तोकेको हुँदा सोही ऐनको दफा ७ प. को उपदफा (२) बमोजिम यस कार्यालयबाट मिति २०७६।०८।१५ गतेदेखि लागू हुने गरी कम्पनी वा ट्रष्ट सेवा प्रदायकहरुलाई निर्देशन जारी गरी वेवसाइट मार्फत सवैको जानकारीको लागि सार्वजनिक गरिएको छ ।

साथै सम्पत्ति शुध्दीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सोको नियमावली तथा सम्पत्ति शुध्दीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० मा उल्लिखित बिषयमा सोही बमोजिम काम कारवाही गरी यस निर्देशनका व्यवस्थालाई सोको पूरकको रुपमा लिनुपर्ने व्यहोरा समेत सूचित गरिन्छ ।

दस्तखत

रजिष्टरार

कम्पनी रजिष्ट्रारको कार्यालय

जारी मिति : २०७६/०८/०१

नेपाल सरकार, कम्पनी रजिस्ट्रारको कार्यालयबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा कम्पनी वा ट्रस्ट सेवा प्रदायकहरुलाई जारी गरिएको निर्देशन, २०७६

(मसौदा)

प्रस्तावना : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सो अन्तर्गत बनेका नियमावलीहरुको प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०७/२५ को निर्णयले कम्पनी रजिस्ट्रारको कार्यालयलाई कम्पनी वा ट्रस्ट सेवा प्रदायकहरुको नियमनकारी निकाय तोकेकोले,

कम्पनी रजिष्ट्ररको कार्यालयले उक्त ऐनको दफा ७प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कम्पनी वा ट्रस्ट सेवा प्रदायकहरुलाई यो निर्देशन जारी गरेको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (सुचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० मा उल्लिखित बिषयमा सोही बमोजिम काम कारवाही गरी यस निर्देशनका व्यवस्थालाई सोको पूरकको रुपमा लिनुपर्नेछ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा कम्पनी वा ट्रस्ट सेवा प्रदायकहरुलाई जारी गरिएको निर्देशन, २०७६" रहेको छ ।

(२) यो निर्देशन मिति २०७६/०८/१५ देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,–

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिस्ट्रारको कार्यालय सम्झनुपर्छ र सो शब्दले कम्पनी रजिस्ट्रार कार्यालय अन्तर्गत रहेका शाखा कार्यालयलाई समेत जनाउनेछ ।

(ग) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ सम्झनुपर्छ।

(घ) "रजिष्ट्रार" भन्नाले कम्पनी रजिस्ट्रारको कार्यालयको रजिष्ट्रार सम्झनुपर्छ ।

(ङ) "सूचक संस्था" भन्नाले सम्पत्ती शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को देहाय (५) बमोजिम आफ्नो ग्राहक वा पक्षको तर्फबाट देहायको कार्य गर्दा वा सोको तयारी गर्दा वा सोमा संलग्न हुँदाका बखत व्यावसायिक रुपमा देहायको सेवा प्रदान गर्ने कम्पनी वा ट्रष्ट सेवा प्रदायकको रुपमा रहेको कुनै पनि प्रकारको नेपाली वा विदेशी कानूनी व्यक्ति वा कानूनी प्रबन्ध सम्झनुपर्छ ।

(१) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको संस्थापना, दर्ता वा व्यवस्थापनको लागि एजेण्ट भई काम गर्ने,

(२) कानूनी व्यक्तिको साझेदार, सञ्चालक, सचिव वा त्यस्तै पदाधिकारी भई काम गर्ने वा अन्य व्यक्ति मार्फत गराउने,

(३) कानूनी व्यक्ति वा कानूनी प्रबन्धलाई व्यावसायिक रुपमा रजिष्टर्ड कार्यालय, ठेगाना वा ठाउँ उपलब्ध गराउने वा सोको लागि पत्र व्यवहारको जिम्मा लिने,

(४) कानूनी प्रबन्ध वा यस्तै प्रकृतिका अन्य कानूनी प्रबन्धको ट्रष्टि भई काम गर्ने वा ट्रष्टिको मनोनयन गर्ने वा अन्य व्यक्ति मार्फत गराउने, वा

(५) प्रचलित कानून बमोजिम कुनै व्यक्तिको तर्फबाट शेयर धनी नियुक्त भई वा अन्य कुनै व्यक्ति मार्फत कार्य गर्ने वा गराउने ।

तर ऐनको दफा २ को खण्ड (ढ) को देहाय (४) को हकमा सोही बमोजिम हुनेछ ।

(च) "ग्राहक वा पक्ष" भन्नाले सूचक संस्थाबाट सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को देहाय (५) को बुँदा (क) देखि (ङ) बमोजिमको सेवा लिने कानूनी व्यक्ति वा कानूनी प्रबन्धलाई जनाउनेछ ।

परिच्छेद-२
कम्पनी वा ट्रष्ट सेवा प्रदायकको सुची

३. **जानकारी दिनु पर्ने**: (१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २ को खण्ड (ढ) को देहाय (५) बमोजिम काम गर्ने सूचक संस्थाले मिति २०७६ माघ मसान्त सम्म कार्यालयमा अनुसूची १ बमोजिमको विवरण दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकको सुची कार्यालयको वेवसाइटमा २०७७ वैशाख देखि सार्वजनिक गरी अध्यावधिक गरिनेछ ।

४. **सूचिमा रहेकाबाट सेवा लिने** : कम्पनी वा ट्रष्टले ऐनको दफा २ को खण्ड (ढ) को देहाय (५) बमोजिमको सेवा कम्पनी वा ट्रष्ट सेवा प्रदायकबाट लिँदा कार्यालयमा सूचिकृत रहेका सेवा प्रदायकबाट लिनु पर्नेछ ।

तर प्रचलित कानून बमोजिम अन्य आधिकारिक व्यक्तिबाट सेवा लिन यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

परिच्छेद-३
पहिचान तथा सम्पुष्टी

५. **ग्राहक वा पक्ष पहिचान :** (१) सूचक संस्थाले आफ्नो ग्राहक वा पक्षको ऐनको दफा ७क. र नियमावलीको नियम ४ र ५ बमोजिम पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ ।

(२) सूचक संस्थाले ग्राहक वा पक्षसँग उपदफा (१) बमोजिम पहिचान गर्दा लिने कागजात तथा विवरणमा जोखिमको अधारमा थप गर्दै जाने पहिचान सूचक बनाई लागू गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम ग्राहक वा पक्षको पहिचान तथा सम्पुष्टि गर्दा वास्तविक धनी तथा हिताधिकारी भए सोको विस्तृत पहिचान तथा जाँचबुझ गर्नुपर्नेछ । सोका लागि जोखिमको अधारमा थप गर्दै जाने पहिचान सूचक बनाई लागू गर्नु पर्नेछ ।

६. **<u>सूचीकृत व्यक्तिसम्बन्धी व्यवस्था</u>** : सूचक संस्थाले ग्राहक वा पक्षको पहिचान लगायत अन्य काम कारोबार गर्दा ऐनको परिच्छेद ६ख. , नियमावली तथा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण (सूचीकृत व्यक्ति, समूह वा सङ्गठनको सम्पत्ति वा कोष रोक्का) नियमावली, २०७० बमोजिमका व्यवस्थाको प्रभावकारी पालना सुनिश्चित गर्नुपर्नेछ ।

७. **<u>ग्राहक वा पक्षको जानकारी दिने</u>** : सूचक संस्थाले आफुले व्यावसायिक सेवा प्रदान गरेको ग्राहक वा पक्षको जानकारी अनुसूची_२ बमोजिमको ढाँचामा यो निर्देशन जारी भएको मितिले अर्धबार्षिक रुपमा कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

८. **<u>उच्च पदस्थ व्यक्तिको पहिचानसम्बन्धी विशेष व्यवस्था</u>** : (१) सूचक संस्थाले उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्न ऐनको दफा ७ख. बमोजिमको उपायसमेत अवलम्बन गर्नुपर्नेछ ।

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहायबमोजिमका प्रक्रियाहरू अवलम्बन गर्न सक्नेछ :–

(क) ग्राहक वा पक्षबाट सूचना लिने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गर्ने,

(घ) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क लिने ।

(३) उच्च पदस्थ व्यक्तिको अभिलेख निज पदबाट अवकाश वा मुक्त भएको मितिले कम्तीमा पाँच वर्षसम्म कायम राख्नुपर्नेछ ।

तर सूचक संस्थाले जोखिमलाई आधार मानी सो अवधिलाई बढाउन सक्नेछ ।

९. **<u>ग्राहक वा पक्षको वास्तविक धनी पहिचान</u>** : (१) सूचक संस्थाले ग्राहक वा पक्षको वास्तविक धनी पहिचान गर्दा ऐनको दफा ७ग. र नियमावलीको नियम ६ बमोजिम कानूनी व्यक्ति वा प्रबन्धको वास्तविक धनी पहिचान तथा जाँचबुझ गर्दा सामान्यतया देहायका आधारका अतिरिक्त अन्य उचित उपायसमेत अवलम्बन गर्न कार्यविधिमा विस्तत व्यवस्था गर्नुपर्नेछ ।

(क) कानूनी व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण गर्न सक्ने वा स्वामित्व राख्ने अन्तिम प्राकृतिक व्यक्ति भए निजको पहिचान,

(ख) खण्ड (क) बमोजिम नियन्त्रण वा स्वामित्व राख्ने व्यक्तिको सम्बन्धमा जानकारी नभए वा तत् सम्बन्धमा शंका वा अस्पष्टता भएमा वा कानूनी व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण राख्ने कुनै प्राकृतिक व्यक्ति भए÷नभएको पहिचान,

(ग) खण्ड (क) वा (ख) बमोजिमको व्यक्ति नपाइएमा उक्त कानूनी व्यक्ति वा प्रबन्धको सञ्चालनमा रहेका मुख्य पदाधिकारीको पहिचान ।

(२) कानूनी व्यक्ति वा प्रबन्धको स्वामित्व र नियन्त्रण संरचना पहिचान गर्नका लागि वास्तविक धनी तथा सो उपर नियन्त्रण गर्न सक्ने देहायका व्यक्तिको समेत पहिचान गर्नु पर्नेछः–

(क) कानूनी व्यक्ति वा प्रबन्ध नियन्त्रण गर्ने वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा त्यसको दश प्रतिशत वा सो भन्दा बढी शेयर, अन्य स्वामित्व, मूल्य वा मताधिकार वा त्यसको निर्णय उपर नियन्त्रण राख्ने प्राकृतिक व्यक्ति,

(ख) कानूनी व्यक्ति वा प्रबन्धको व्यवस्थापन वा त्यस्तै कार्य गर्ने प्राकृतिक व्यक्ति,

(ग) कानूनी व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण राख्न सक्ने प्राकृतिक व्यक्ति।

(३) ट्रष्ट जस्ता कानूनी प्रबन्ध उपरको नियन्त्रणको पहिचान गर्दा सेटलर, ट्रष्टी, संरक्षक, हिताधिकारी र त्यस उपर नियन्त्रण गर्ने प्राकृतिक व्यक्तिको पहिचान गर्नु पर्नेछ ।

(४) कुनै व्यक्ति मार्फत कानूनी व्यक्ति वा प्रबन्ध उपर अप्रत्यक्ष स्वामित्व र नियन्त्रण रहेको देखिएमा सोको अनुगमन गर्नु पर्नेछ ।

१०. **ग्राहक वा पक्षको बृहत् पहिचानसम्बन्धी व्यवस्था :** सूचक संस्थाले ग्राहक वा पक्षसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा ऐनको दफा ७ङ. र नियमावलीको नियम ८ बमोजिम बृहत् ग्राहक पहिचान सम्बन्धी उपायहरु अपनाउनु पर्नेछ ।

११. **सरलीकृत ग्राहक वा पक्षको पहिचानसम्बन्धी व्यवस्था** : सूचक संस्थाले ऐनको दफा ७च. र नियमावलीको नियम ९ बमोजिम सरलीकृत रूपमा पहिचान सम्बन्धी कार्य जोखिम मुल्याकन प्रतिवेदन बमोजिम गर्नुपर्नेछ।

१२. **विद्यमान ग्राहक वा पक्षको पहिचान तथा अद्यावधिकिकरण व्यवस्था:** (१) सूचक संस्थाले ऐन, नियमावली र यो निर्देशनबमोजिम विद्यमान ग्राहक वा पक्षको पहिचान तथा सम्पुष्टि उच्च जोखिमलाई प्राथमिकता दिइ वि.सं. २०७६ चैत्र मसान्तभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

(२) संस्थाले ग्राहक वा पक्षको पहिचान देहायबमोजिम नियमित रूपमा अद्यावधिक गर्नुपर्नेछः–

(क) उच्च जोखिम भएका सदस्यको हकमा कम्तीमा वर्षमा १ पटक,

(ख) मध्यम जोखिम भएका सदस्यको हकमा कम्तीमा २ वर्षमा १ पटक,

(ग) न्यून जोखिम भएका सदस्यको हकमा कम्तीमा ३ वर्षमा १ पटक ।

(३) संस्थालाई जोखिममा तात्विक फरक परेको लागेमा जोखिमसापेक्ष हुने गरी उपदफा (२) मा उल्लिखित अवधिअगावै पहिचान अद्यावधिक गर्नुपर्नेछ ।

१३. **जोखिम व्यवस्थापन गर्नुपर्ने** : (१) सूचक संस्थाले जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्न देहायको आधारसहित थप मापदण्ड बनाई लागू गर्नुपर्नेछ;

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मुल्यांकन सम्वन्धी प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धीकरणतथा आतङ्कवादीक्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यावसायिक सम्वन्धको प्रकृति, उद्देश्य र अवधि ।

(२) सूचक संस्थाले जोखिमको ब्यवस्थापन गर्दा देहायका बिषयमा ध्यान दिनु पर्नेछ ।

(क) जोखिमलाई उच्च,मध्यम, न्यून तथा जोखिमको विश्लेषणका आधारमा समेत वर्गीकरण गर्ने,

(ख) जोखिम मुल्याङ्कन तथा सोको लिखित अभिलेख अद्यावधिक राख्ने,

(ग) त्यस्तो अभिलेख विभाग र अन्य सम्बद्ध निकायले माग गरेमा शीघ्र उपलब्ध गराउनु पर्ने ।

१४. **निरन्तर अनुगमन गर्नुपर्ने** : सूचक संस्थाले ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन गर्नुपर्नेछ । यसरी अनुगमन गर्दा उच्च जोखिममा वर्गीकृत भएका ग्राहक वा पक्षलाई प्राथमिकता दिनुपर्नेछ ।

१५. **कारोबार गर्न नहुने** : सूचक संस्थाले ऐनको दफा ६ र ७ण. मा उल्लिखित व्यक्तिका अतिरिक्त ग्राहक वा पक्षको वा सो कारोबारको पहिचानका आधार पूरा नभएका ग्राहक वा पक्षसँग कारोबार गर्नु हुँदैन । सूचक संस्थालाई यस विषयमा शंका लागेमा शंकास्पद प्रतिवेदन दिन सक्नेछ ।

१६. **<u>सुरक्षात्मक उपाय अवलम्बन गर्नुपर्ने</u>** : सूचक संस्थाले ऐनको दफा ७ट. बमोजिम नयाँ प्रविधिबाट वा व्यक्ति उपस्थित नभई कारोबार सञ्चालन गर्दा र सोका लागि कार्यविधि निर्माण गर्दा यस्तो जोखिमको समुचित व्यवस्थापन हुने गरी थप आवश्यक उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

१७. **<u>खास एवं शङ्कास्पद कारोबार सम्बन्धमा</u>** : (१) सूचक संस्थाले ऐनको दफा ७ढ. बमोजिम खास कारोबारका सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नुपर्नेछ ।

(२) सूचक संस्थाले ऐनको दफा ७ध. बमोजिमका अवस्थाहरू विद्यमान भएमा शङ्कास्पद कारोबारको प्रतिवेदन, वित्तीय जानकारी इकाईले तोकेको ढाँचा कार्यबिधि र माध्यम अनुसार वित्तीय जानकारी इकाईमा निर्णय भएको मितिले तीन दिनभित्र पुग्ने गरी पेश गर्नु पर्नेछ ।

स्पष्टिकरण : वित्तीय जानकारी इकाईको नमूनाका अनुसार हालको लागि सोको सामान्य नमूना ढाँचा अनुसूची-३ बमोजिम रहेको छ ।

(३) यसदफा बमोजिम प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको मापदण्डलाई आधार मान्नुपर्नेछ ।

(४) अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा वा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारी प्राप्त गरेमा सोसमेत वित्तीय जानकारी इकाईलाई अतिरिक्त सूचनाको रुपमा जानकारी दिन सक्नेछ ।

(५) सूचक सस्थाले शंकास्पद कारोबार तथा गतिविधि पहिचान गर्ने सूचक तयार गरी लागू गर्नु पर्नेछ र त्यस्ता सूचक समय–समयमा अद्यावधिक गर्नु पर्नेछ ।

(६) सूचक संस्थाले यसदफा बमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचना पाँच वर्षसम्म विषेश तवरले छुट्टै राख्नु पर्नेछ ।

१८. **<u>वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नुपर्नेः</u>** सूचक संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शङ्कास्पद कारोबारसम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

परिच्छेद–४
जिम्मेवारी

१९. **<u>सूचक संस्थाको जिम्मेवारी</u>** : (१) ऐन, नियमावली र यो निर्देशनमा व्यवस्था भएबमोजिम सम्बन्धित सूचक संस्थाले आफ्नो जिम्मेवारी एवम् दायित्व पुरा गर्नुपर्नेछ । सो जिम्मेवारी एवम् दायित्वको प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, स्रोतसमेतको समुचित व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित सूचक संस्थाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम ऐन, नियमावली र यो निर्देशनबमोजिम सूचक संस्थाले कार्यापून्वयनको तहमा पूरा गर्नुपर्ने दायित्व पूरा गर्ने गराउने जिम्मेवारी सूचक संस्थाको प्रमुखको हुनेछ ।

२०. **कार्यान्वयन अधिकारी** : (१) सूचक संस्थाले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सोअन्तर्गत जारी निर्देशिका वा निर्देशनबमोजिमको दायित्व पूरा गर्न कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्त गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारीको नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी बहन गर्नुपर्नेछ ।

(३) कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण सूचक संस्थाले कार्यालय तथा वित्तीय जानकारी इकाईसमक्ष पेस गर्नुका साथै कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पन्ध्र दिन भित्र पठाउनुपर्नेछ ।

(४) सूचक संस्थाले कार्यान्वयन अधिकारीलाई ऐनको दफा ७त. को उपदफा (४) मा उल्लिखित कार्यान्वयन अधिकारीको काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका कार्यहरू समेत सम्पादन गर्ने गरी तोक्नुपर्नेछ :–

(क) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क–बिन्दु (फोकल प्वाइन्ट) को रूपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मसौदा तर्जुमा सम्बन्धी कार्य गर्ने,

(ग) कर्मचारी वा अन्य स्रोतवाट ऐन, नियमावली र यस निर्देशनबमोजिम प्राप्त अस्वाभाविक वा शङ्कास्पद कारोबारसम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने,

(घ) आफ्नो कार्य सम्पादन गर्न कम्पनीका अन्य विभाग वा पदाधिकारीसँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्बाध रूपमा जुनसुकै बखत प्राप्त गर्न सक्ने,

(ङ) ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन भए, नभएको अनुगमन गरी प्रतिवेदन पेस गर्ने ।

(५) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न सूचक संस्थाले आवश्यक कर्मचारीहरूको व्यवस्थासमेत गर्नुपर्नेछ ।

(६) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशनबमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराउने सम्बन्धित सूचक संस्थाका पदाधिकारी, सदस्य र जिम्मेवार कर्मचारीलाई कारबाहीको सिफारिस गर्नुपर्नेछ र सो सिफारिसबमोजिम सम्बन्धित सूचक संस्थाले कारबाही गरी सोको जानकारी कार्यालय र वित्तीय जानकारी इकाईलाई गराउनुपर्नेछ ।

(७) सूचक संस्थाले कम्तीमा छ महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशनबमोजिम भए गरेका काम-कारबाहीको समीक्षा गर्नुपर्नेछ ।

(८) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममूखी बनाउनका लागि सूचक संस्थाले ग्राहक वा पक्ष, सञ्चालक समितिका सदस्यहरू तथा उच्च व्यवस्थापन र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

२१. **कार्यविभाजन गरी जिम्मेवारी तोक्न सक्ने** : (१) प्रमुख कार्यकारी अधिकृतले ऐन, नियमावली र यो निर्देशनबमोजिम सूचक संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू मातहतका कर्मचारीहरूमा विभाजन गरी सम्पादनको जिम्मेवारीसमेत तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ७त. को उपदफा (४), नियमावली तथा यस निर्देशनबमोजिम कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकूल असर पर्ने गरी कार्यविभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन ।

२२. **गोपनीयता कायम गर्नुपर्ने** : (१) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार वा पेस गरेको शङ्कास्पद कारोबारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाई बाहेक अन्य कसैलाई दिनु हुँदैन ।

(२) सूचक संस्थाको पदाधिकारी, कर्मचारी, सल्लाहकार वा लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्राप्त शंकास्पद सूचना वा जानकारी सम्बन्धित अधिकारप्राप्त निकाय वा अधिकारी बाहेक अन्य कुनै निकाय वा व्यक्तिलाई कुनै तबरले प्रकट नगरी गोप्यता कायम राख्नुपर्नेछ ।

(३) ऐन, नियमावली तथा यस निर्देशनबमोजिम गोपनीयता कायम गर्नुपर्ने विषयका सन्दर्भमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थाबाहेक कोही कसैले गोपनीयतासम्बन्धी व्यवस्था पालना नगरेमा ऐनको दफा ४४क. तथा प्रचलित कानुनबमोजिम सजाय हुनेछ ।

२३. **आन्तरिक कार्यविधिको स्वीकृति** : (१) ऐन, नियमावली र यो निर्देशनबमोजिम सूचक संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरूको प्रभावकारी सम्पादनका लागि ऐनको दफा ७त. को उपदफा (१) लगायत ऐन, नियमावली र यो निर्देशनमा रहेका अन्य व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सूचक संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचक संस्थाले आन्तरिक कार्यविधि तर्जुमा गर्दा देहायका विषयसमेत समावेश गर्नुपर्नेछ :-

(क) आन्तरिक जिम्मेवारी तथा कार्यविभाजन,

(ख) ग्राहक वा पक्षको पहिचान तथा अद्यावधीकरण,

(ग) जोखिम मूल्याङ्कन तथा व्यवस्थापन,

(घ) अनुगमन पद्धति,

(ङ) अस्वाभाविक, असामान्य तथा शङ्कास्पद कारोबारको पहिचान तथा प्रतिवेदन पद्धति,

(च) सूचक संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत अन्य पदाधिकारी तथा कर्मचारीले नियमित रूपमा सम्पादन गर्नुपर्ने कार्यका लागि कार्यविषय (पोर्टफोलियो) अनुसारको आवश्यक जाँचसूची (चेक लिष्ट),

(छ) कागतपत्रको हिफाजत, सूचना संरक्षण, संरचनामा पहुँच नियन्त्रण, प्रचलित कानुनबमोजिम माग भएका सूचना दिने प्रक्रियाहरूको स्थापना एवं अभिलेखका लागि आवश्यक भौतिक सुविधा तथा उपकरणको निर्धारण गर्ने व्यवस्था,

(ज) कर्तव्य पालनामा लापर्वाही गर्ने कर्मचारीउपर अनुशासनको कारबाही,

(झ) आन्तरिक नियन्त्रण, सुपरिवेक्षण, प्रतिवेदन र समीक्षा,

(ञ) अभिलेखसम्बन्धी व्यवस्था र

(ट) अन्य आवश्यक विषय ।

२४. **मान्यताको पालना** (१) सूचक संस्थाले ऐन, नियमावली तथा यस निर्देशनको अनुकुल हुने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा सोसँग

सम्बन्धित Financial Action Task Force (FATF), FATF Style Regional Bodies (FSRB), अवकाश कोषको सट्टामा आँफूसंग सम्वन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था वा यस सम्बन्धमा अध्ययन अनुगमन गर्ने अन्तर्राष्ट्रिय संस्थाले प्रकाशन गरेको अध्ययन तथा प्रतिवेदनलाईसमेत आधार लिनसक्नेछ ।

(२) सूचक संस्थाले सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार तथा अद्यावधिक गरी राख्नु पर्नेछ ।

२५. **प्रतिवेदन पठाउनुपर्ने** : (१) सूचक संस्थाले यो निर्देशनबमोजिम सम्पादन गरेका कार्यहरूको प्रतिवेदन अनुसूची-४ को ढाँचामा कार्यालयमा पठाउनुपर्नेछ ।

(२) सूचक संस्थाले वित्तीय जानकारी इकाई वा कार्यालयमा यस निर्देशन बमोजिम पठाउने प्रतिवेदन तथा जानकारीहरु समय तोकिएकोमा सोही समयभित्र र समय नतोकिएको भए १५ दिनभित्र विद्युतीय माध्यमबाट पठाउनुपर्नेछ ।

२६. **अभिलेख व्यवस्थापन** : (१) सूचक संस्थाले ऐनको दफा ७द, नियमावलीको नियम १२ तथा यस निर्देशनबमोजिम तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचना पाँच वर्षसम्म सुरक्षित राख्नुका साथै त्यसरी राखिएका कागजातहरू आवश्यक परेका बखत तत्काल फेला पार्न सकिने गरी विद्युतीय माध्यममा तिनको विवरण राख्नुपर्नेछ ।

(२) सूचक संस्थाले राख्नुपर्ने कागतपत्र सुरक्षाको लागि अन्य कुराका अतिरिक्त देहायबमोजिम हिफाजत गर्नुपर्नेछ :–

(क) जिम्मेवारी तोक्ने,

(ख) अनधिकृत पहुँच नहुने व्यवस्था मिलाउने,

(ग) आन्तरिक कार्यविधिमा उल्लिखित उपायहरू अपनाउने ।

२७. **आवश्यक उपायहरू अवलम्बन गर्नुपर्ने** : सूचक संस्थाले ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिमको दायित्व पूरा गर्ने सिलसिलामा यो निर्देशनमा गरिएका व्यवस्थाबाहेकका आवश्यक उपायहरू समेत अवलम्बन गर्नुपर्नेछ ।

२८. **कारवाही तथा सजायका आधार** : (१) ऐन, नियमावली तथा यो निर्देशनको व्यवस्थाको पालना एवं नगरेको सूचना वा जानकारी कार्यालयमा प्राप्त हुन आएमा र पालना एवं कार्यान्वयन नगरेको देखिएमा ऐनको दफा ७फ. बमोजिम कार्यालयले कारवाही गर्ने सामान्य अधार देहाय बमोजिम हुनेछ ।

क्र.सं.	पालना नभएको व्यवस्था	कारबाहीको प्रकार
१	ऐनको दफा ७त. बमोजिम यस निर्देशनले दिएको समय भित्र नीति तथा कार्यविधि नबनाएमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १०लाख रुपैयाँ जरिबाना गर्ने ३. तेस्रो पटक २० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उलंघनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप

क्र.सं.	पालना नभएको व्यवस्था	कारबाहीको प्रकार
२	ऐनको दफा ७क. बमोजिम ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँ जरिबाना गर्ने । ३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
३	ऐनकोदफा ६ विपरीत बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा	१. गाम्भिर्यताका आधारमा एक लाख रुपैयाँ देखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने । २. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
४	ऐनको दफा ७ग. बमोजिम वास्तविक धनीको पहिचान गर्ने, ऐनको बृहत पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँजरिबाना गर्ने । ३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
५	ऐनको दफा ७घ. बमोजिम जोखिम व्यवस्थापन भएको नपाइएमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँ जरिबाना गर्ने । ३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
६	ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँ जरिबाना गर्ने ३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
७	ऐनको दफा ७ध. बमोजिम शंकास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा	१. पहिलो पटक ५ लाख रुपैयाँसम्म जरिबाना गर्ने, २.दोस्रो पटक ५ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा ५० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
८	ऐनको दफा ७त. को उपदफा (३) बमोजिम कार्यान्वयन अधिकारी नियुक्त नगरेको वा ब्यवसायीले निर्देशनको दफा २२ को उपदफा (२) बमोजिम कर्तव्य पूरा गरेको नपाइएमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँ जरिबाना गर्ने । ३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
९	सञ्चालक समिति वा ब्यवस्थापनले गर्नुपर्ने समीक्षा नगरेमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँ जरिबाना गर्ने ।

क्र.सं.	पालना नभएको व्यवस्था	कारबाहीको प्रकार
		३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
१०	संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा	१. पहिलो पटक लिखित रुपमा सचेत गराउने २. दोस्रो पटक १ लाख रुपैयाँ जरिबाना गर्ने । ३. तेस्रो पटक २ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ४. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
११	तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा	१.पहिलो पटक लिखित रुपमा सचेत गराउने २.दोश्रो पटक ५ लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १० लाख रुपैयाँसम्म जरिबाना गर्ने । ३. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
१२	ऐनको दफा ७ध. बमोजिम सिमा वा शङ्कास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा	ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले १० लाख रुपैयाँसम्म जरिबाना गर्नसक्ने ।
१३	निर्देशनको दफा ३ बमोजिमको सूचना नदिएमा	१. पहिलो पटक लिखितरुपमा सचेत गराउने । २.दोश्रो पटक १ लाख देखि १० लाख रुपैयाँसम्म जरिवाना गर्ने । ३. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा थप
१४	ऐनको परिच्छेद ६ ख. बमोजिमको काम कारवाही नभएमा	१. पहिलो पटक लिखितरुपमा सचेत गराउने । २. दोश्रो पटक १० लाख देखि ५० लाख रुपैयाँसम्म जरिवाना गर्ने । ३. अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्नसक्ने प्रणालीगत प्रभावको आधारमा थप
१५	ऐन,नियम,निर्देशनमा उल्लेख भएका अन्य विषयको पालना नभएमा	१. पहिलो पटक लिखितरुपमा सचेत गराउने । २.दोश्रो पटक १ लाख देखि १० लाख रुपैयाँसम्म जरिवाना गर्ने । ३.अन्य अवस्थामा उल्लघंनको मात्रा र सोबाट पर्नसक्ने प्रणालीगत प्रभावको आधारमा थप

(२) उपदफा (१) बमोजिम कार्यालयले कारबाही गर्दा कार्यालयले कम्तीमा १५ दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नेछ ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरण चित्तबुझ्दो नपाइएमा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लङ्घनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावलगायतका विषयको गाम्भीर्यका आधारमा ऐनको दफा ७फ. बमोजिम कार्यालयले कुनै वा सबै कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले कारबाही गर्दा सूचक संस्थाको आर्थिक तथा साङ्गठनिक अवस्था, पालनाका लागि भएका प्रयास र उल्लङ्घनको गाम्भीर्य समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी गर्नेछ ।

(५) सूचक संस्थालाई यस दफाबमोजिम कारबाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त सूचक संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम–कारबाहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई सम्बन्धित सूचक संस्थाले प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्नेछ । (६) कार्यालयले गरेको कारवाही वा सजायमा चित्त नबुझने सूचक संस्थाले पैतिस दिन भित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

२९. **ऐन नियमावली बमोजिम हुने** : यस निर्देशनमा भएको व्यवस्था ऐन, नियमावली सँग बाझिएमा ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ। यस निर्देशनमा उल्लेख नभएकोमा ऐन, नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ।

३०. **व्याख्या गर्ने अधिकार** : यो निर्देशनको व्याख्या गर्ने अधिकार रजिष्ट्रारमा रहनेछ।

अनुसूची-१

(दफा ३ संग सम्बन्धित)

कम्पनी वा ट्रस्ट सेवा प्रदायकको रुपमा काम गर्ने जानकारी

सि.नं.	नाम, ठेगाना	सेवाको प्रकृति (ऐनको दफा २ (ढ) (५) को (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको)	दर्ता भएको निकाय	दर्ता मिति	नविकरण हुनुपर्ने भए सो मिति

सूचक संस्थाको आधिकारिक व्यक्तिको :

नाम :

दस्तखत :

पद :

छाप :

फोन नं. :

मोबाइल नं.

इमेल ठेगाना :

फ्याक्स :

मिति :

अनुसूची–२

(दफा ७ संग सम्बन्धित)

ग्राहक वा पक्षको जानकारी विवरण

सि.नं.	नाम, ठेगाना	सेवाको प्रकृति (ऐनको दफा २ (ढ) (५) को (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको)	सेवा प्रदान गरेको मिति / अवधि	कैफियत

सूचक संस्थाको आधिकारिक व्यक्तिको :

नाम :

दस्तखत :

पद :

छाप :

फोन नं. :

मोबाइल नं.

इमेल ठेगाना :

फ्याक्स :

मिति :

अनुसूची -३

(दफा १७ को उपदफा (२) संग सम्बन्धित)

शंकास्पद कारोबार प्रतिवेदन

(थाहा हुन सक्ने सम्मका विवरण भर्ने)

क) प्रतिवेदन पेश गर्ने सूचक संस्थाको नाम :

ख) कारोबार गर्ने ग्राहक वा पक्षको नाम :

ग) अन्य व्यवसाय :

१. दर्ता नं./अनुमित नं. :

२. दर्ता मिति र स्थान :

३. निकाय/अधिकारी :

घ) वास्तविक धनी भए सोको विस्तृत विवरण :

ङ) संस्था/कम्पनीको अध्यक्ष/प्रवन्धनिर्देशक/प्रोप्राइटर :

च) कारोबार विवरण :

छ) असामान्य/शंकास्पद कारोवार हुनुको कारण:

ज) शंकास्पद कारोबारको विवरण

- ☐ भ्रस्टाचार/कमिसन
- ☐ गलत घोषणा
- ☐ पहिचान चोरी
- ☐ शंकास्पद गतिविधि/हाउभाउ
- ☐ ऋण ठगी
- ☐ आतंककारी लगानी
- ☐ नक्कली साधन/बस्तु
- ☐ पदको दुरुपयोग
- ☐ कल छली
- ☐ अन्य

झ) सूचक संस्थाले यस सन्दर्भमा कुनै कारवाही गरेको छ वा छैन ?

- ☐ छ भने सोको मिति सहितको विवरण .....
- ☐ छैन भने सोको स्पष्ट कारण .....

<u>थ) कार्यान्वयन अधिकारी/आधिकारिक व्यक्तिको</u> :

नाम :

दस्तखत :

पद :

फोन नं. :

मोबाइल नं.

इमेल ठेगाना :

फ्याक्स :

मिति :

अनुसूची -४

(दफा २५ संग सम्बन्धित)

नियामक निकायमा पठाउने प्रतिवेदनको ढाँचा

क. सामान्य विवरण

१. सूचक संस्थाको नाम, ठेगाना :

२. प्रतिवेदनको अबधि (साल, महिना) :

३. सूचक संस्थाको दर्ता नं. :

४. सूचक संस्थाको दर्ता मिति :

५. सूचक संस्था दर्ता भएको निकाय :

६. सूचक संस्थाको नविकरण/अद्यावधिक भएको मिति :

७. नीति तथा कार्यविधि जारी गरेको मिति :

८. नीति तथा कार्यविधि अद्यावधिक गरेको मिति :

९. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मिति :

१०. जोखिम मूल्याङ्न अद्यावधिक गरेको मिति :

ख. विस्तृत विवरण

सि.नं.	विवरण	गत आ.व. सम्मको	चालु आ.व.												चालु आ.व.को जम्मा	कैफियत
			अर्ध बार्षिक													
१	पहिचान अद्यावधिक भएका सङ्ख्या															
२	पहिचान अद्यावधिक नभएका सङ्ख्या															
३	पहिचान पूरा नभएकार अस्वीकार वा सम्बन्ध अन्त्य गरिएका व्यक्तिको सङ्ख्या															
४	उच्च जोखिममा परेका कारोबारको सङ्ख्या															
५	मध्यम जोखिममा परेका कारोबारको सङ्ख्या															
६	न्यून जोखिममा परेका कारोबारको सङ्ख्या															
७	जोखिमस्तर परिवर्तन भएका कारोबारको सङ्ख्या															

८	बृहत् पहिचान गरिएका कारोबारको सङ्ख्या															
९	उच्च पदस्थ पदाधिकारीको कारोबार सङ्ख्या															
१०	वास्तविक धनी पहिचानको सङ्ख्या															
११	अनुगमन गरिएको कारोबारको सङ्ख्या															
१२	असामान्य कारोबारको सङ्ख्या															
१३	शङ्कास्पद कारोबार प्रतिवेदनको सङ्ख्या															
१४	सेवा प्रापक नेपालीको सङ्ख्या															
१५	सेवा प्रापक विदेशीको सङ्ख्या															

ग. **<u>आधिकारिक हस्ताक्षर</u>**

हस्ताक्षर :

नाम :

पद :

मिति :

सूचक संस्थाको छाप :